# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# औद्योगिक प्रशिक्षार्थी (एप्रेन्टिससीप) तालीम सञ्चालन कार्यविधि २०७५

2065


प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर, नेपाल

फोन: ९७७-१-६६३०४०८, ६६३०७६९ फ्याक्स: ९७७-१-६६३०२९४ पो. ब. ३५४६ काठमाडौं

इमेल: info@ctevt.org.np, research@ctevt.org.np, http://wwww.ctevt.org.np


सदस्य-सचिव

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

# औद्योगिक प्रशिक्षार्थी (एप्रेन्टिससिप) तालीम संचालन कार्यविधि २०७५

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ को दफा ६.११ र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ को नियम १५ र १६ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम :**

(क) यो कार्यविधिको नाम "औद्योगिक प्रशिक्षार्थी (एप्रेन्टिससिप) तालीम सञ्चालन कार्यविधि २०७५" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "परिषद्" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ को दफा ३ बमोजिमको परिषद्लाई सम्झनुपर्छ ।

(ख) "परिषद् कार्यालय" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को केन्द्रीय कार्यालय तथा परिषद् प्रादेशिक कार्यालयहरुलाई सम्झनुपर्छ ।

(ग) "समिति" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ को नियम १३ बमोजिमको औद्योगिक प्रशिक्षार्थी तालीम समितिलाई सम्झनुपर्छ ।

(घ) "परियोजना" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अर्न्तगत संचालित परियोजनाहरुलाई सम्झनुपर्छ ।

(ङ) "औद्योगिक प्रशिक्षार्थी" भन्नाले कुनै औद्योगिक प्रतिष्ठान तथा रोजगारदाता संस्थामा कार्यरत वा त्यस्ता प्रतिष्ठान वा संस्थाको सम्भाव्य कामदारका रुपमा दुई पक्षीय वा त्रिपक्षीय संझौतामा आवद्ध र सोही अनुरुप प्रतिबद्ध भई तालीममा सहभागि हुने प्रशिक्षार्थीलाई सम्झनु पर्छ ।

(च) "औद्योगिक प्रशिक्षार्थी तालीम" भन्नाले औद्योगिक प्रतिष्ठान तथा रोजगारदाता संघ र तालीम प्रदायक संस्था/तालीम केन्द्र/प्राविधिक शिक्षालय/बहुप्राविधिक शिक्षालयद्वारा सञ्चालित औद्योगिक प्रशिक्षार्थीलाई दिइने तालीमलाई सम्झनु पर्छ ।

(छ) "औद्योगिक प्रशिक्षण (एप्रेन्टिससीप)" भन्नाले व्यावसायिक सीप हासिल गर्नका लागि तालीम केन्द्रमा सैद्धान्तिक र व्यावहारिक सीप लिईसकेपछि उद्योग/व्यवसायमा गई त्यहाँको वास्तविक काममा संलग्न भएर सिक्ने पद्धतिलाई सम्झनुपर्छ ।

(ञ) "शिल्पी (Craftsperson)" भन्नाले कुनै पनि पेशा/विषयमा लामो अनुभव भएका र सम्बन्धित पेशामा दक्ष कामदारका रुपमा कार्यरत व्यक्तिलाई सम्झनु पर्दछ ।

(झ) "बरिष्ठ कामदार (Senior Worker)" भन्नाले उद्योग प्रतिष्ठानको आवश्यकता अनुरुपका प्राविधिक ज्ञान र क्षमता भएका, सम्बन्धित पेशा/व्यवसायमा अनुभवी दक्ष कामदारका रुपमा कार्यरत व्यक्तिलाई सम्झनु पर्दछ ।

(ञ) "कम्पनी प्रशिक्षक (In-Company Trainer)" भन्नाले उद्योग/व्यवसायमा औद्योगिक प्रशिक्षार्थीहरुलाई आफ्नो सामिप्यमा र प्रत्यक्ष निगरानीमा काम लगाउँदै सिकाउने अवस्था सृजना गरी प्रशिक्षकका रुपमा विकसित गरिएका शिल्पी तथा वरिष्ठ कामदारलाई सम्झनु पर्छ ।

(ट) "औद्योगिक प्रशिक्षार्थी (Apprentice)" भन्नाले एप्रेन्टिससीप कार्यक्रम अन्तर्गत प्रशिक्षणरत सहभागीहरुलाई सम्झनु पर्दछ ।

(ठ) "तालीम प्रदायक संस्था/तालीम केन्द्र/प्राविधिक शिक्षालय/बहुप्राविधिक शिक्षालय" भन्नाले एप्रेन्टिससीप सञ्चालन गर्ने उद्योग व्यावसाय वा उद्योग/व्यावसायमा जानुपूर्व आधारभुत सीप प्रदान गर्ने र उद्योग/व्यवसायमा तालीम लिईरहेको समयमा थप ज्ञान र सीप प्रदान गर्ने संस्थाहरुलाई सम्झनु पर्छ ।

(ड) "एप्रेन्टिससीप प्रदायक उद्योग/व्यावसायी" भन्नाले एप्रेन्टिसहरुलाई आफ्नो उद्योग/व्यावसायको दैनिक काममा संलग्न गराई सीप सिकाउने उद्योग/व्यावसायीहरुलाई सम्झनु पर्छ ।

(ढ) "रोभिङ इन्स्ट्रक्टर (Roving Instructor)" भन्नाले सम्बन्धित पेशा/व्यवसायमा विशेष दक्षता हासिल गरेका शिल्पीहरुलाई सम्झनु पर्दछ, जसले तालीम प्रदायक संस्था, एप्रेन्टिससीप प्रदायक उद्योग/व्यवसाय र एप्रेन्टिसहरुका वीचमा सीप सिक्ने/सिकाउने प्रकृयालाई सहजीकरण गर्दछ ।

(ण) "ट्रेड (Trade)" भन्नाले विभिन्न पेशा व्यवसायमा सञ्चालन गरिने औद्योगिक प्रशिक्षण वा तालीमलाई सम्झनु पर्छ ।

सदस्य-सचिव

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

## परिच्छेद-२

## औद्योगिक प्रशिक्षार्थी तालीम समितिको काम, कर्तव्य र अधिकार

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद ऐन २०४५ को दफा १३ बमोजिम गठित औद्योगिक प्रशिक्षार्थी तालीम समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सम्बन्धित पेशा व्यवसायका लागि आवश्यक सीपयुक्त दक्ष जनशक्ति उत्पादनको लागि विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्ने गराउने तथा जनशक्ति उत्पादनकालागि आवश्यक नीति तर्जुमा गर्ने गराउने ।

(ख) औद्योगिक प्रशिक्षण सञ्चालनका लागि उद्योग–व्यवसाय र सम्बन्धित उद्योग/व्यवसायी संघहरुसँग सहकार्य गरी दक्ष जनशक्ति उत्पादन गर्ने गराउने ।

(ग) औद्योगिक प्रशिक्षण सञ्चालन गराउने उद्योग–व्यवसायका लागि सरकारी छुट तथा सुविधाका लागि सिफारिस गर्ने ।

(घ) औद्योगिक प्रशिक्षार्थी उत्पादनका लागि उद्योग तथा सम्बन्धित व्यवसायिक संघको सहकार्यमा आवश्यकता अनुसार प्राविधिक वा विशेषज्ञ उप समिति गठन गरी उक्त उप समितिको काम, कर्तव्य र अधिकार तोक्ने ।

(ङ) औद्योगिक प्रशिक्षार्थी उत्पादनका लागि आवश्यक पर्ने अन्य कार्य गर्ने गराउने ।

सदस्य–सचिव

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

## परिच्छेद ३

## आवश्यकता पहिचान तथा प्रशिक्षण सञ्चालन पद्धति

४. औद्योगिक प्रशिक्षणको आवश्यकता पहिचान गर्नको लागि देहायका विषयबस्तुलाई आधार लिइनेछ ।

(क) सम्बन्धित उद्योग तथा औद्योगिक संघ/महासंघको सिफारिस तथा माग

(ख) सम्बन्धित उद्योगको कर्मचारी आवश्यकताको पहिचान

(ग) श्रम बजारको माग र रोजगारीको सम्भावना

(घ) स्वदेशी बजारमा उत्पादित वस्तु तथा सेवाको बजारको सम्भावना

(ङ) स्वरोजगारीको सम्भावना तथा अवसर

(च) वैदेशिक रोजगारीको माग तथा सम्भावना

५. **पूवार्धारः**

(क) औद्योगिक प्रशिक्षण संचालन गर्न इच्छुक उद्योग/व्यवसाय तथा तालीम केन्द्रले परिषद्ले निर्धारण गरेको भौतिक पूर्वाधार तथा जनशक्ति तयार गरी सम्बन्धनकालागि आवेदन दिनु पर्नेछ ।

(ख) परिषद् कार्यालयले निर्धारित मापदण्डको आधारमा औद्योगिक प्रशिक्षण संचालनको लागि स्वीकृति प्रदान सक्नेछ ।

(ग) औद्योगिक प्रशिक्षण संचालन गर्न चाहने उद्योग व्यवसाय तथा तालीम प्रदायक संस्थाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालयले निर्धारण गरेको सम्बन्धित ट्रेड अनुसारको सैद्धान्तिक तथा आधारभूत प्रयोगात्मक प्रशिक्षणको लागि आवश्यक पूर्वाधार तयार गरी स्वीकृतिका लागि परिषद् कार्यालयमा पेश गर्नु पर्नेछ ।

(घ) तालीम प्रदायक संस्थाले सम्बन्धित उद्योग व्यवसायसंग कुन विषयमा कति औद्योगिक प्रशिक्षार्थी सहभागी गराउन सकिन्छ भन्ने बारेमा लिखित सम्झौता गरेको हुनु पर्नेछ ।

(ङ) औद्योगिक प्रशिक्षण संचालनका लागि तोकिएको मापदण्ड तथा प्रक्रिया पुरा गरी सम्बन्धन स्वीकृती प्राप्त उद्योग व्यावसाय तथा तालीम प्रदायक संस्थाले औद्योगिक प्रशिक्षण संचालन गर्ने गरी परिषद् कार्यालयले अनुमति दिन सक्नेछ ।

६. परिषद् कार्यालयले निर्धारण गरेको प्रक्रिया अनुसार औद्योगिक प्रशिक्षण संचालन स्वीकृति दिइनेछ ।

७. **औद्योगीक प्रशिक्षण संचालन पद्धति :**

(क) औद्योगिक प्रशिक्षार्थीहरुलाई सैद्धान्तिक विषयमा प्रशिक्षण, आधारभुत प्रयोगात्मक अभ्यास तथा कार्यस्थलको औद्योगिक प्रशिक्षण पाठ्यक्रममा उल्लेख भए बमोजिम हुनेछ ।

सदस्य-सचिव

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

(ख) प्रशिक्षण कार्य तालीम केन्द्र र एप्रेन्टिससीप प्रदायक उद्योग/व्यवसायमा संचालन हुनेछ वा उद्योगको आफ्नै तालीम केन्द्र भएको अवस्थामा उद्योगको सोही केन्द्रमा नै प्रशिक्षण संचालन गर्न सक्नेछ ।

(ग) समग्र एप्रेन्टिससीपको समयावधि स्वीकृत पाठ्यक्रम र पेशा अनुसार फरक-फरक हुन सक्नेछ । सामान्यतया प्रशिक्षण अवधि १८ महिना (७२ हप्ता) निर्धारण गरिएको छ ।

(घ) १८ महिनाको प्रशिक्षणको अवधि तोकिएको अवस्थामा पहिलो १२ हप्तामा औद्योगिक प्रशिक्षार्थीहरुले तालीम केन्द्रमा (सैद्धान्तिक ज्ञान २०% र प्रयोगात्मक अभ्यास ८०%) प्रशिक्षण लिनेछन् र त्यसपछिको बाँकी अवधि उद्योग व्यवसायमा रहेर कार्य गर्दै सिक्नेछन् ।

(ङ) पेशा अनुसार समयावधि फरक भएको अवस्थामा तालीम केन्द्र र उद्योग व्यवसायको अभ्यासको अवधि ७ (घ) को अनुपातमा नै हुनुपर्नेछ ।

(च) प्रथम चरणमा तालीम केन्द्रमा नै प्रशिक्षार्थीहरुलाई पेशा, श्रम बजार र रोजगार सम्बन्धि जानकारी दिईनेछ । त्यसका अतिरिक्त व्यक्तिगत र कार्यशाला सुरक्षा र पेशागत जोखिम सम्बन्धि जानकारी कक्षाहरु समेत प्राथमिकताका साथ संचालन गरिनेछन् ।

(छ) तालीम प्रदायक संस्थाले यस अवधिमा प्रशिक्षार्थीहरुलाई समय-समयमा सम्बन्धित उद्योगको भ्रमण गराई स्थलगत र वस्तुगत जानकारी समेत गराउनु पर्नेछ ।

(ज) दोश्रो चरणको सिकाइ ५७ हप्ता उद्योग/व्यवसायमै आधारित हुनेछ । जहाँ उद्योगकै शिल्पीले आफ्नो सामिप्य र प्रत्यक्ष निगरानीमा काममा लगाउँदै आवश्यक सीप सिकाउने छन् । यसै अवधिमा प्रत्येक हप्ताको १ दिन भने प्रशिक्षार्थीहरुले सैद्धान्तिक ज्ञानका साथै अनुभव साटासाट गर्ने, सीप सम्पादन र सिकाइमा भोगिएका कठिनाइहरु र तिनको समाधान सम्बन्धि छलफल, पृष्ठपोषण लिने-दिने, आवश्यक परामर्श दिने र योजना अनुसार आउने हप्ताका सिकाईका गतिबिधि सम्बन्धि समेत जानकारी लिनेछन् ।

(झ) सिकाइका प्रत्येक चरणमा हरेक प्रशिक्षार्थीहरुको सीप/कार्य सम्पादन, सो सम्बन्धि ज्ञान र व्यवहारको निरन्तर मूल्याङ्कन गरी सो को अभिलेख तालीम केन्द्रका हकमा प्रशिक्षकले र उद्योग/व्यवसायका हकमा उद्योग/व्यवसाय स्थित शिल्पीले गर्नेछन् । यसैको आधारमा प्रशिक्षार्थीहरुको अन्तिम मुल्याङ्कन (ज्ञान, सीप र आचरण) को नतिजा निकाली प्रमाणपत्र उपलब्ध गराइने छ ।

(ञ) औद्योगिक प्रशिक्षण को अन्तिम ३ हप्ताको समय अवधिमा प्रशिक्षार्थीहरुलाई तालीम प्रदायक संस्थामा राखी पाठ्यक्रम अनुसार सिक्न बाँकि रहेका सीपहरुको अभ्यास गराउने, अप्रेन्टिसहरुका जिज्ञासाहरुमा छलफल गराउने र अन्तिम परीक्षणका लागि तयारी गराउनु पर्नेछ ।

(ट) औद्योगिक प्रशिक्षार्थी तालीम प्रदायक उद्योग व्यवसायले सम्बन्धित पेशामा कार्यरत नियमित कर्मचारी संख्याको ३० प्रतिशतसम्म औद्योगिक प्रशिक्षार्थीलाई एप्रन्टिससिपमा राख्न सक्नेछन् ।

- मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

सदस्य-सचिव

(ठ) औद्योगिक प्रशिक्षण संचालन गर्ने तालीम प्रदायक संस्था वा उद्योग व्यवसायले देहाय बमोजिमको समन्वय समिति गठन गरेको हुनु पर्दछ ।

| | |
|---|---|
| (अ) सम्बन्धित उद्योग व्यावसायी संघको अध्यक्ष | अध्यक्ष |
| (आ) औद्योगिक प्रशिक्षण संचालनमा संलग्न उद्योग वा व्यवसाय मध्येबाट अध्यक्षले मनोनित गरेको प्रतिनिधि एक जना | सदस्य |
| (इ) तालीम सञ्चालन गर्ने उद्योग वा व्यवसायका ट्रेड युनियन मध्येबाट अध्यक्षले मनोनित गरेको प्रतिनिधि एकजना | सदस्य |
| (ई) सम्बन्धित स्थानीय तहको प्रतिनिधि | सदस्य |
| (उ) तालीम प्रदायक संस्था प्रमुख | सदस्य सचिव |

८. **औद्योगिक प्रशिक्षण समन्वय समितिको काम, कर्तव्य र अधिकारः**

(क) तालीम प्रदायक संस्था तथा उद्योग / व्यवसायमा संचालित औद्योगिक प्रशिक्षणको अनुगमन गर्ने गराउने ।

(ख) प्रशिक्षण संचालन सम्बन्धि कार्यक्रम तथा कार्य योजना अनुमोदन गर्ने ।

(ग) प्रशिक्षण संचालन सम्बन्धमा सम्बद्ध पक्षहरुका बीच समन्वय गर्ने गराउने ।

(घ) त्रिपक्षीय वा दुइ पक्षीय सम्झौताको कार्यान्वयन गर्ने गराउने ।

(ङ) औद्योगिक प्रशिक्षार्थी तालीम समितिलाई सुझाव दिने ।

(च) औद्योगिक प्रशिक्षार्थी तालीम समितिले दिएको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(छ) समन्वय समितिले आवश्यकता अनुसार विशेषज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ज) समन्वय समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

९. **उद्योग व्यावसायी संघको काम, कर्तव्य र अधिकारः**

(क) जनशक्ति उत्पादनकालागि परिषद् कार्यालयलाई आवश्यक सुझाव उपलब्ध गराउने ।

(ख) आवद्ध उद्योग व्यावसायीहरुलाई दक्ष जनशक्ति उत्पादनलागि तालीम संचालनमा सहभागी हुन प्रोत्साहन गर्ने ।

(ग) आवद्ध उद्योग व्यावसायीहरुलाई आवश्यक दक्ष जनशक्तिको मागसंख्या संकलन गरी परिषद् कार्यालयलाई उपलब्ध गराउने ।

सदस्य-सचिव

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

(घ) उद्योग व्यवसाय, तालीम प्रदायक संस्था र औद्योगिक प्रशिक्षार्थी वीचको त्रिपक्षिय सम्झौताका लागि समन्वय गर्ने ।

( ङ ) औद्योगिक प्रशिक्षणको अनुगमन, मुल्याङ्कन र प्रमाणीकरणमा योगदान गर्ने ।

(च ) औद्योगिक प्रशिक्षार्थीहरुलाई न्युनतम सुविधा उपलब्ध गराउन समन्वय गर्ने ।

(छ) उद्योग व्यवसाय, तालीम प्रदायक संस्था र औद्योगिक प्रशिक्षार्थी विचमा कुनै असमझदारी भएमा मध्यस्थता गर्ने ।

**१०. तालीम प्रदायक संस्थाको काम, कर्तव्य र अधिकारः**

(क) औद्योगिक प्रशिक्षण समन्वय समितिले निर्धारण गरेको कार्यक्रम तथा कार्य योजनालाई कार्यान्वयन गर्ने ।

(ख) बार्षिक कार्यक्रम तथा लागत अनुमान तथार गरी औद्योगिक प्रशिक्षण समन्वय समितिमा पेश गर्ने ।

(ग) परिषद् कार्यालयलाई प्रशिक्षण संचालन सम्बन्धि गतिविधिहरुको नियमित जानकारी गराउने ।

(घ) औद्योगिक प्रशिक्षार्थीहरुको आन्तरिक मूल्यांकन गरी रेकर्ड राख्ने ।

(ङ) औद्योगिक प्रशिक्षण सम्बन्धि नियमित लेखा परीक्षण गराउने ।

(च) सैद्धान्तिक तथा आधारभुत प्रयोगात्मक प्रशिक्षण संचालन गर्ने ।

(छ) प्रशिक्षणसँग सम्बन्धित निकायहरुसंग तथा उद्योग प्रतिष्ठानहरुसंग आवश्यक समन्वय गर्ने ।

(ज) उद्योगहरुमा संचालन भईरहेका प्रशिक्षण कार्यक्रमको अनुगमन गर्ने ।

(झ) औद्योगिक प्रशिक्षणको लागि उद्योग, व्यवसायी, अप्रेन्टिससंग दुई पक्षीय वा त्रिपक्षीय सम्झौता गरी सो अनुसार कार्यान्वयन गर्ने ।

(ञ) प्रशिक्षण सम्पन्न गरेका व्यक्तिहरुलाई रोजगारीको लागि आवश्यक भूमिका निर्वाह गर्ने ।

**११. एप्रेन्टिससीप प्रदायक उद्योग/व्यवसायको काम, कर्तव्य र अधिकारः**

(क) औद्योगिक प्रशिक्षण समन्वय समितिले निर्धारण गरेको कार्यक्रम तथा कार्य योजनालाई कार्यान्वयन गर्ने ।

(ख) तालीम प्रदायक संस्थासंग समन्वय गरी बार्षिक कार्यक्रम बनाउने ।

(ग) तालीम प्रदायक संस्थासंग समन्वय गरी प्रशिक्षण संचालन सम्बन्धि गतिविधिहरुको प्रतिवेदन बनाउन सहकार्य गर्ने ।

(घ) औद्योगिक प्रशिक्षार्थीहरुको आन्तरिक मूल्यांकन गरी रेकर्ड राख्ने ।

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

(ङ) उद्योगहरुमा संचालन भईरहेका प्रशिक्षण कार्यक्रमको अनुगमन गर्ने ।

(च) औद्योगिक प्रशिक्षणको लागि तालीम प्रदायक संस्था तथा एप्रेन्टिससंग दुई पक्षीय र त्रिपक्षीय सम्झौता गरी सो अनुसार कार्यान्वयन गर्ने ।

(छ) प्रशिक्षण सम्पन्न गरेका व्यक्तिहरुलाई रोजगारीको लागि आवश्यक भूमिका निर्वाह गर्ने ।

१२. **प्रशिक्षण विधि :**

(क) औद्योगिक प्रशिक्षण कार्यक्रम संचालन गर्दा विषयगत स्वीकृत पाठ्यक्रम वा National Occupational Skill Standard प्रयोग गरी सैद्धान्तिक र प्रयोगात्मक दुवै पक्षमा प्रशिक्षण संचालन गर्नुपर्नेछ ।

(ख) बुँदा नं. १२ को (क) बमोजिम औद्योगिक प्रशिक्षण संचालन गर्दा देहाय बमोजिमका प्रशिक्षण विधि प्रयोग गर्नु पर्नेछ ।

(अ) प्रशिक्षणको विषयवस्तु सम्वन्धि सैद्धान्तिक ज्ञानको लागि व्याख्यान विधि ।

(आ) प्रशिक्षणको विषयबस्तुको व्यवहारिक ज्ञानको लागि प्रयोगात्मक विधि ।

(इ) अवलोकन र नमूना उत्पादन ।

(ई) उद्यम व्यवसाय प्रति आकर्षित गर्न, उद्यम व्यवसायको महत्व वारे जानकारी, सफल उद्यम सञ्चालन गर्न आवश्यक पर्ने वजार, उत्पादन क्रियाकलाप, वजारीकरण रणनीति, उद्यमशीलता आदि सम्बन्धि ज्ञान ।

१३. **औद्योगिक प्रशिक्षणमा संलग्न मानव संसाधन सम्बन्धि व्यवस्था** :

(क) तालीम प्रदायक संस्थाले सम्पूर्ण तालीम कार्यक्रमहरुको व्यवस्थापन गर्न, औद्योगिक संगठनहरु, उद्योग/व्यवसाय र अन्य निकायहरुसँग समन्वय गर्न १ जना तालीम संयोजकको व्यवस्था गर्नु पर्नेछ । तालीम संयोजकले प्रशिक्षक/ट्रेनर, कम्पनी प्रशिक्षक र रोभिङ इन्स्ट्रक्टरसँग समेत समन्वय गरी एप्रेन्टिससीप कार्यक्रमको योजना तयार गर्ने छ ।

(ख) तालीम प्रदायक संस्थाले औद्योगिक प्रशिक्षार्थीहरुलाई उद्योग प्रतिष्ठानमा पठाउनु पूर्व तालीम केन्द्रमा प्रशिक्षित गराउन, हाजिरी तथा मुल्याङ्कनको अभिलेख राख्न र कार्यस्थल सुरक्षा आदि सम्बन्धि ज्ञान गराउन प्रत्येक १० जना प्रशिक्षार्थीको लागि १ जना को अनुपातले प्रशिक्षकको व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) बुँदा नं १३ (ख) मा उल्लेखित प्रशिक्षकको योग्यता देहाय वमोजिम हुनु पर्नेछ :

(अ) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक वा कुनै पनि विषयमा स्नातक गरी स्वीकृती प्राप्त संस्थाबाट सम्वन्धित विषयमा १ वर्षको तालीम प्राप्त वा कुनै विषयमा स्नातक गरी सम्वन्धित कामको २ वर्षको अनुभव वा सम्वन्धित सीपमा तह २ को सीप परीक्षण उतीर्ण गरी २ वर्षको कार्य अनुभव भएको ।

सदस्य–सचिव

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

(आ) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा प्रमाण पत्र तह उत्तीर्ण गरी सम्बन्धित विषयमा १ वर्षको कार्य अनुभव भएको वा कुनै विषयमा प्रमाणपत्र तह उत्तिर्ण गरी स्वीकृत प्राप्त संस्थाबाट सम्वन्धित विषयमा १ वर्षको तालीम प्राप्त गरी १ वर्षको कार्य अनुभव वा सम्बन्धित सीपमा तह २ को सीप परीक्षण उत्तीर्ण गरी सम्बन्धित काममा २ बर्षको अनुभव भएको ।

(इ) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा टिएसएलसी गरी २ बर्षको कार्य अनुभव वा स्वीकृती प्राप्त संस्थाबाट सम्वन्धित सम्वन्धित सीपमा तह २ को सीप परीक्षण उत्तीर्ण गरी २ बर्षको कार्य अनुभव भएको ।

(ई) सम्बन्धित विषयमा कम्तीमा ६ महिनाको तालीम प्राप्त गरी परम्परागत सीप र प्रविधिमा न्यूनतम एक वर्ष अवधिसम्म उद्योग व्यवसाय दर्ता गरी व्यवसाय गरी वसेको अनुभव वा सम्बन्धित सीपमा तह २ को सीप परीक्षण पास गरी २ बर्षको कार्य अनुभव भएको ।

(घ) बुँदा नं.१३ (ग) को योग्यताको अतिरिक्त प्रशिक्षकले प्रशिक्षक प्रशिक्षण तालीम लिएको हुनु पर्नेछ ।

(ङ) कम्पनी प्रशिक्षक (शिल्पी):

(अ) प्रत्येक उद्योग तथा व्यवसायले आ-आफ्नो कम्पनीमा सम्बन्धित पेशाका दक्ष र अनुभवी १ जना वरिष्ठ कामदारलाइ कम्पनी प्रशिक्षकको रुपमा तोक्नु पर्नेछ ।

(आ) यसरी तोकिएका कम्पनी प्रशिक्षकलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले प्रशिक्षक प्रशिक्षण तालीम उपलब्ध गराउने छ ।

(इ) कम्पनी प्रशिक्षकले तालीम संयोजकसँग मिलेर प्रशिक्षणको योजना बनाउने, प्रशिक्षार्थीहरुलाई निर्देशित गर्ने, प्रशिक्षण गराउने, उनीहरुको कार्यसम्पादनको अभिलेख राख्ने र मूल्याङ्कन गर्ने कार्य गर्ने छन् ।

(च) रोभिङ इन्स्ट्रक्टर:

(अ) सम्बन्धित उद्योग व्यावसायी संघको सहमतिमा सम्बन्धित पेशामा विशेष दक्षता हासिल गरेका शिल्पीहरुलाई रोभिङ इन्स्ट्रक्टरका रुपमा छनौट गरी औद्योगिक प्रशिक्षण व्यवस्थापन सम्बन्धि तालीम दिइनेछ ।

(आ) यसरी प्रशिक्षित रोभिङ इन्स्ट्रक्टरहरुले प्रशिक्षणको योजना तर्जुमा गर्ने कार्यमा सहयोग गर्ने, प्रशिक्षकहरुलाई प्रशिक्षण संचालनमा सहयोग गर्ने, प्रशिक्षणको अनुगमन गर्ने र उद्योग व्उवसाय, तालीम केन्द्र र औद्योगिक प्रशिक्षार्थीहरु बीचमा समन्वय गराउने, पृष्ठपोषण गर्ने, रिपोर्टिङ गर्ने लगायत गुणस्तरीय प्रशिक्षण संचालन गर्न सहयोग पुऱ्याउने छन् ।

सदस्य–सचिव

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

## परिच्छेद-४
## औद्योगिक प्रशिक्षण कार्यक्रम संचालन र पाठ्यक्रम

**१४. औद्योगिक प्रशिक्षण संचालन गर्ने :**

(क) यस कार्यविधि बमोजिम कुनै पनि विषयमा परिषद् कार्यलयको निर्णय अनुसार परिषद् कार्यालय आफैले वा परिषद्का आंगिक कार्यालय वा शिक्षालयहरुले वा तोकिएको प्रतिस्पर्धाबाट छानिएका परिषद्वाट सम्बन्धन प्राप्त निजी तालीम प्रदायक संस्थाहरुले औद्योगिक प्रशिक्षण कार्यक्रम संचालन गर्न सक्नेछन् ।

(ख) बुँदा नं. १४ (क) बमोजिमको प्रशिक्षण आवासीय रुपमा पनि संचालन गर्न सकिनेछ।

(ग) बुँदा नं. १४ (क) र (ख) बमोजिम प्रशिक्षण संचालन गर्नको लागि प्रशिक्षक, मेसिन, औजार, तालीम हल लगायत आवश्यक साधन श्रोतको स्थलगत निरिक्षण परिषद् कार्यालयले आफै वा अन्य निकाय सँगको सहकार्यमा गर्नेछ।

**१५. सम्झौता गरी तालिम संचालन गर्न सकिने :**

(क) परिषद्ले प्रादेशिक तथा स्थानीय सरकार वा मातहतका सरकारी तालीम प्रदायक संस्थासँग सम्झौता गरी यस कार्यविधि बमोजिम औद्योगिक प्रशिक्षण संचालन गर्न सक्नेछ।

(ख) परिषद् कार्यालयले नेपाल सरकारको सार्वजनिक खरीद ऐनको परिधी भित्र रही तालीम प्रदायक संस्था वा उद्योगहरु बीच प्रतिस्पर्धा गराई औद्योगिक प्रशिक्षण कार्यक्रम सञ्चालन गराउन सक्नेछ।

**१६. पाठ्यक्रम :**

(क) औद्योगिक प्रशिक्षण संचालनका लागि परिषद् कार्यालयले तालीम प्रदायक संस्था र रोजगारदाता उद्योग/व्यवसायको माग बमोजिम पेशासंग सम्बन्धित उद्योगका संघ तथा दक्ष प्राविधिकहरुको संलग्नतामा औद्योगिक प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम निर्माण तथा संशोधन गर्नेछ ।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको मागका आधारमा एप्रेन्टिसिप प्रदायक उद्योग व्यवसायले पाठ्यक्रमका अतिरिक्त पनि आवश्यक पर्ने थप सीपहरु समेत समावेश गरी प्रशिक्षण गराउन सक्नेछन्।

**१७. औद्योगिक प्रशिक्षार्थी छनौट प्रकृया :**

(क) तालीम प्रदायक संस्थाले सम्बन्धित उद्योग व्यवसायबाट माग भए अनुसारको संभाव्य कामदार प्रशिक्षार्थीहरुको लागि सार्वजनिक सूचना गरी आवेदन माग गर्नु पर्नेछ।

(ख) तालीम प्रदायक संस्थाले प्रा. शि. तथा व्या. ता. परिषद् कार्यालयले तोकेको मापदण्ड अनुसार सूचना प्रकाशित गरी पर्न आएका आवेदनहरुको तोकिएको मापदण्ड अनुसार छनौट गर्नुपर्नेछ।

सदस्य-सचिव

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

(ग) यसरी प्रशिक्षार्थी छनौट भएको विवरण एवं त्रिपक्षीय सम्झौता पत्रको प्रमाणित प्रतिलिपी सम्बन्धित तालीम प्रदायक संस्थाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कार्यालय एवं सम्बन्धित उद्योग व्यवसायी संघमा समेत पठाउनु पर्नेछ ।

(घ) **औद्योगिक प्रशिक्षार्थी भर्नाका लागि न्यूनतम आधार** : औद्योगिक प्रशिक्षार्थी को रुपमा तालीममा सहभागि हुनका लागि सम्बन्धित विषयको पाठ्यक्रमले निर्धारण गरे बमोजिम तथा तालीम लिन इच्छुक व्यक्ति सम्बन्धित तालीम/प्रशिक्षणको लागि मानसिक र शारीरिक रुपमा उपयुक्त भई कम्तिमा १६ वर्ष उमेर पूरा गरेको नेपाली नागरिक हुनुपर्नेछ ।

**१८. औद्योगिक प्रशिक्षण संचालन कार्यतालिका :**

(क) औद्योगिक प्रशिक्षण संचालन गर्ने प्रशिक्षकले प्रशिक्षण कार्यतालिका बनाई एप्रेन्सिहरुलाई अग्रिम जानकारी गराउनुपर्नेछ ।

(ख) बुँदा नं. १८ को (क) बमोजिमको कार्यतालिकाको जानकारी अनुगमन गर्ने निकाय तथा पदाधिकारीहरुलाई समेत दिनुपर्नेछ ।

(ग) औद्योगिक प्रशिक्षण सञ्चालन कार्यतालिकामा प्रशिक्षण तालिका का अतिरिक्त देहायका कुराहरु समेत समावेश गर्नु पर्नेछ ।

(अ) न्यूनतम रुजु हाजिरी पाठ्यक्रमले तोकिए बमोजिम हुनु पर्नेछ ।

(आ) सबै सीपमूलक तालीमको समय साप्ताहिक कम्तिमा ४० घण्टाको हुनेछ ।

(इ) सार्वजनिक विदा बाहेक अन्य दिनमा कुनै आकस्मिक विदा परी प्रशिक्षण संचालन हुन नसकेमा सो को सट्टा अर्को दिन प्रशिक्षण संचालन गर्नुपर्नेछ ।

(ई) प्रशिक्षणको अन्तिम चरणमा प्रशिक्षणको विषय हेरी प्रयोगात्मक वा लिखित वा दुवै मूल्याकंन पद्धतिबाट एप्रेन्टिसको सिकाईको स्तर मूल्यांकन गरिनेछ । सम्बन्धित प्रशिक्षकले मूल्यांकन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(उ) प्रत्येक तालीम सम्पन्न भएपछि सोको प्रतिवेदन तयार गरी संवधिन्त निकायहरुमा प्रेशित गरिनेछ ।

(घ) सुरक्षा तथा सतर्कताको प्रावधानः

(अ) औद्योगिक प्रशिक्षणमा संलग्न उद्योग/व्यावसायले एप्रेन्टिसहरुको तालीम अवधिमा सुरक्षा सम्बन्धि सतर्कता, सावधानी र सुरक्षाका साधनहरु उपलब्ध गराई कार्यस्थलमा प्रयोगमा ल्याउनुपर्नेछ ।

(आ) औद्योगिक प्रशिक्षण प्रदायक संस्थाले सबै एप्रेन्टिसहरुको सामुहिक दुर्घटना विमा गर्नु पर्नेछ ।

सदस्य-सचिव

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

(इ) औद्योगिक प्रशिक्षण कार्यस्थलमा प्राथमिक उपचार, स्वास्थ्य परीक्षण, आपत्कालिन सेवा र गुनासो सुन्ने संयन्त्र व्यवस्थित गरिएको हुनुपर्नेछ ।

१९. त्रिपक्षीय/दुई पक्षीय सम्झौता, यसका आधारहरु र वैधता :

(क) औद्योगिक प्रशिक्षण संचालन गर्नु पूर्व तालीम प्रदायक संस्था, एप्रेन्टिसिप प्रदायक उद्योग/व्यवसाय र औद्योगिक प्रशिक्षार्थी (एप्रेन्टिस स्वयम्) का बीच परिषद् कार्यालयले तोकेको ढाँचामा लिखित सम्झौता गरेको हुनु पर्नेछ ।

(ख) सम्झौता उल्लघंन भई कुनै पक्षलाई मर्का पर्न गएमा पीडित पक्षले प्रचलित ऐन कानुन बमोजिम सम्बन्धित निकायमा उजुरी गर्न सक्नेछन् ।

२०. मूल्याङ्कन विधि :

(क) औद्योगिक प्रशिक्षण संचालन गर्दा एप्रेन्टिसहरुको मूल्याङ्कन आन्तरिक तथा वाह्य दुवै प्रकारले गरिनेछ ।

(ख) सैद्धान्तिक तथा आधारभुत प्रयोगात्मक विषयको आन्तरिक मूल्याङ्कन तालीम प्रदायक संस्थाले र उद्योग व्यवसायमा गरिने प्रयोगात्मक विषयको आन्तरिक मूल्याङ्कन उद्योग व्यावसायी स्वयंले गर्नेछ ।

(ग) औद्योगिक प्रशिक्षार्थीहरुको मूल्याङ्कन गर्दा तालीम प्रदायक संस्था तथा उद्योगले मूल्याङ्कन परीक्षण सुची (Evaluation Check – list) तयार गरी सोही आधारमा गर्नु पर्नेछ । यसरी गरिने मुल्यांकन पाठ्यक्रमले तोके बमोजिम हुनेछ ।

(घ) अन्तिम मुल्यांकन सम्बन्धित उद्योग व्यावसायी संघ, उद्योग व्यवसायी र तालीम प्रदायक संस्थाले संयुक्त रुपमा गर्नेछन् ।

२१. न्यूनतम तालीम शुल्क :

औद्योगिक प्रशिक्षण सम्पन्न गरेका प्रशिक्षार्थीहरुलाई सम्बन्धित उद्योग व्यावसायी संघ, उद्योग व्यावसायी र तालीम प्रदायक संस्थाले संयुक्त रुपमा तालीम सम्पन्नताको प्रमाणपत्र उपलब्ध गराउने छन भने यसको स्तर र समकक्षताको प्रमाणीकरण परिषद्को राष्ट्रिय सीप परीक्षण समितिले निर्धारण गरे अनुरुप हुनेछ ।

सदस्य-सचिव

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

## परिच्छेद ५

## औद्योगिक प्रशिक्षण अनुगमन तथा मूल्याङ्कन

२२. न्यूनतम तालीम शुल्क :

(क) परिषद् कार्यलयले नियमित रुपमा प्रशिक्षण संचालनको अनुगमन गर्नेछ ।

(ख) प्रशिक्षणलाई प्रभावकारी र परिणाममूखी बनाउन बुँदा नं. २२ को (क) बमोजिमको अनुगमन तालीमको अवधि अनुसार कम्तीमा २ पटक र सो भन्दा बढी पटक अनुगमन गर्नुपर्नेछ ।

(ग) हरेक अनुगमन पछि अनुगमन कर्ताले संस्थालाई लिखित पृष्ठपोषण दिनुपर्नेछ ।

(घ) बुँदा नं. २२ को (ग) बमोजिम निर्देशन प्राप्त भएको निर्देशनको पालना गर्नु संस्थाको दायित्व हुनेछ । निर्देशनको पालना नभएमा वा तालीम संचालनमा कैफियत देखिएमा अनुगमन कर्ताले परिषद् कार्यालय समक्ष लिखित जानकारी दिनुपर्नेछ ।

(ङ) तालीम अनुगमनका लागि सरकारी निकायले लिखित रुपमा अनुरोध गरेमा अनुगमन गर्नु परिषद् कार्यालयको कर्तव्य हुनेछ ।

२३. तालीम प्रदायक संस्थाले समय समयमा तालीमको मूल्याङ्कन सहितको प्रतिवेदन परिषद् कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

सदस्य–सचिव

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

## परिच्छेद – ६

## विविध

२४. **प्रशिक्षण शुल्क** :

औद्योगिक प्रशिक्षण कार्यक्रम संचालन गर्ने तालीम प्रदायक संस्थाले तालीम लिने व्यक्ति स्वयं वा प्रायोजन गर्ने निकाय वा तालीमका लागि सिफारिस गर्ने उद्योग/व्यवसाय वा संस्था बीच सम्झौतापत्रमा उल्लेख भए अनुसार एप्रेन्टिस र उद्योग/व्यवसाय दुवैवाट न्यूनतम तालीम शुल्क,लिन सक्नेछ ।

२५. **औद्योगिक प्रशिक्षार्थीहरुको सुविधा** :

औद्योगिक प्रशिक्षणको शिलशिलामा औद्योगिक प्रशिक्षार्थीहरुले उद्योग व्यवसायमा प्रयोगात्मक अभ्यास गर्दा उक्त उद्योगको उत्पादनमा वृद्धि हुने भएकोले सम्बन्धित उद्योगले प्रशिक्षार्थीहरुलाई मासिक रुपमा न्यूनतम पारिश्रमिकको कम्तीमा २५% प्रोत्साहन सुविधाका रुपमा व्यवस्था गर्नु पर्नेछ ।

२६. **प्रचलित कानुन बमोजिम हुने** :

यस कार्यविधिमा उल्लेखित विषय कुनै कानुनसँग बाझिएमा वा यस निर्देशिकामा उल्लेख नभएको वा स्पष्ट नभएको विषयमा प्रचलित कानुन वमोजिम हुनेछ ।

२७. **व्याख्या तथा संशोधन** :

यस कार्यविधिमा उल्लेखित विषयमा कुनै द्विविधा भएमा सोको व्याख्या तथा संशोधन औद्योगिक प्रशिक्षार्थी तालीम समितिले गर्नेछ ।

सदस्य–सचिव

मा. गिरिराजमणि पोखरेल
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री